Australian Government
Australian Taxation Office

# आफ्नो कर फिर्ता गर्न कसरी तयार गर्ने

तपाईंको कर फिर्ता गर्नका लागि ३ चरणहरू छन्: सङ्कलन, तयारी र दाखिला ।

## 1. संकलन गर्नुहोस्

तपाईंलाई आवश्यक पर्ने जानकारी सङ्कलन गर्नुहोस् ।

तपाईंले आफ्नो कर फिर्तामा सही जानकारी समावेश गर्नुभएको सुनिश्चित गर्न तलको जाँचसूची पछ्याउनुहोस् ।

तपाईंलाई १ जुलाईदेखि ३० जूनसम्मको आय वर्षको लागि जानकारी चाहिन्छ ।

## 2. तयार गर्नुहोस्

तपाईंले आफ्नो कर फिर्ता कसरी गर्ने भन्ने निर्णय गर्नुहोस् ।

यदि तपाईं आफ्नै कर फिर्ता गर्दै हुनुहुन्छ भने तपाईं यसलाई myTax (अंग्रेजीमा) प्रयोग गरेर अनलाइन दाखिला गर्न सक्नुहुन्छ वा paper tax return (अंग्रेजीमा) प्रयोग गर्न सक्नुहुन्छ ।

myTax प्रयोग गर्नको लागि तपाईंलाई आफ्नो myGov प्रयोगकर्ता आईडी र पासवर्ड चाहिन्छ । यदि तपाईंसँग myGov खाता छैन भने, तपाईं एउटा खोल्न सक्नुहुन्छ र ATO मा my.gov.au (अंग्रेजीमा) लिंक गर्न सक्नुहुन्छ ।

यदि तपाईं दाखिला गर्नका लागि दर्तावाल कर एजेन्ट प्रयोग गर्दै हुनुहुन्छ भने, तपाईंले उनीहरूसँग कुरा गर्न अपोइन्टमेन्ट लिनु पर्छ ।

## 3. दाखिला

तोकिएको मितिभित्र आफ्नो कर फिर्ता पेश गर्नुहोस् ।

यदि तपाईं आफ्नै कर फिर्ता गर्दै हुनुहुन्छ भने, तपाईंले हरेक वर्ष ३१ अक्टोबरसम्ममा दाखिला गरिसक्नुपर्छ।

यदि दर्तावाल कर एजेन्टले तपाईंलाई मद्दत गरिरहेको छ भने, तपाईंले तिनीहरूसँग ३१ अक्टोबरअघि काम सुरु गर्न आवश्यक छ ।

### मेरो कर फिर्ताका लागि मलाई कुन जानकारी आवश्यक छ?

तपाईंलाई निम्न कुराहरू आवश्यक पर्नेछ:

- ☐ कर फाइल नम्बर (TFN)
- ☐ बैंक खाता विवरण (BSB र खाता नम्बर), यदि तपाईंलाई पैसा फिर्ता हुन्छ भने
- ☐ तपाईंको आयको बारेमा विवरण:
  - ☐ तपाईंको सबै रोजगारदाताहरूबाट वा तपाईंको myGov खातामा उपलब्ध आय विवरणहरू
  - ☐ सरकारी भुक्तानी सारांश (जस्तै Centrelink)
  - ☐ लगानी आम्दानी (जस्तै बैंक स्टेटमेन्टमा ब्याज, शेयर लाभांशको विवरण)
  - ☐ वैदेशिक आय (जस्तै वैदेशिक काम वा लगानी)
  - ☐ कुनै पनि अन्य आय (जस्तै नगदी रोजगार, सम्पत्ति भाडाबाट)
- ☐ तपाईंको कटौती र खर्चको बारेमा विवरण:
  - ☐ कामसँग सम्बन्धित खर्चहरूको रेकर्ड (जस्तै रसिदहरू, लगबुकहरू, घरबाट काम गरेको प्रमाण)
  - ☐ तपाईंले योग्य परोपकारी संस्थाहरू र अन्य संस्थाहरूलाई गर्नुभएको उपहार वा दानको रसिदहरू
- ☐ पति/पत्नी (विवाहित वा डी-फ्याक्टो) विवरणहरू उनीहरूको करयोग्य आयसहित ।

DE -20789 -3 - ENG

दर्तावाल कर एजेन्टहरू मात्र ती व्यक्ति हुन् जसलाई तपाईंको कर फिर्ता दाखिला गर्न शुल्क लिन पाउँछ। तपाईं आफ्नो कर एजेन्ट tpb.gov.au (अंग्रेजीमा) मा दर्ता भएको छ कि छैन भनेर जाँच गर्न सक्नुहुन्छ।

## दाखिला गर्ने उत्तम समय कहिले हो?

रोजगारदाताहरू, बैंकहरू र अन्य व्यवसायहरूले हामीलाई करदातालाई तिर्ने आयको बारेमा विवरण दिन्छ । यदि तपाईं जुलाईको अन्त्यसम्म पर्खनुहुन्छ भने, हामी यी विवरणहरू तपाईंको कर फिर्तामा समावेश गर्दछौं । यसले तपाईंको कर फिर्ता दाखिलालाई छिटो र सजिलो बनाउँदछ ।

यदि तपाईं आफ्नै कर फिर्ता गर्दै हुनुहुन्छ भने, तपाईंलाई दाखिला गर्नको लागि १ जुलाईदेखि ३१ अक्टोबरसम्मको समय छ ।

## राम्रो रेकर्ड राख्नाले करको समयलाई सजिलो बनाउँछ

प्रत्येक आय वर्षको सुरुदेखि नै रेकर्ड राख्नुले तपाईंलाई कर फिर्ता गर्न सजिलो बनाउनेछ। तपाईंले समावेश गर्न चाहनुहुने सबै कटौतीहरूको लागि आफ्नो तलब स्लिप र रसिदहरू राख्नुहोस् । बैंक स्टेटमेन्ट (आफैंमा) सामान्यतया कार्य-सम्बन्धित खर्चहरूको लागि कटौती दावी गर्न प्रयाप्त प्रमाण हुँदैन ।

तपाईंको रेकर्डहरू सुरक्षित ठाउँमा भण्डारण गर्नुहोस्। ATO एपमा myDeductions टुलले तपाईंलाई मद्दत गर्न सक्छ । ato.gov.au/app (अंग्रेजीमा) मा थप जानकारी पाउनुहोस् ।

## मैले कहाँ मद्दत पाउन सक्छु?

थप जानकारीको लागि, ATO वेबसाइटमा जानुहोस्: ato.gov.au/TaxTimeResources (अंग्रेजीमा)।

तपाईंले मद्दतको लागि दर्तावाल कर एजेन्टसँग पनि कुरा गर्न सक्नुहुन्छ ।

दावीविरो: यो जानकारी सामान्य सारांश मात्र हो र २६ मार्च २०२४ मा ताजा थियो ।

तपाईं आफ्नो इच्छाअनुसार यो सामग्री प्रतिलिपि गर्न, अनुकूलन गर्न, परिमार्जन गर्न, प्रसारित गर्न र वितरण गर्न स्वतन्त्र हुनुहुन्छ (तर कुनै त्यस्तो तरिकाले होइन जसले ATO वा Commonwealth ले तपाईंलाई वा तपाईंको कुनै पनि सेवा वा उत्पादनहरूलाई समर्थन गरेको देखाउँछ)।